## पशु हाट बजार निर्माण वा सुधार कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०६/११ मा स्वीकृत)

पशुपन्छी र माछा तथा तिनीहरुबाट उत्पादित पदार्थहरुको बजारीकरणमा टेवा पुऱ्याउन गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी पशु हाट बजार निर्माण वा सुधार सम्बन्धी कार्यक्रम संचालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

**१. आवेदकको योग्यता र पेश गर्नु पर्ने कागजातहरु :**

**१.१ आवेदकको योग्यता :**

क) आवेदक समूह, समिति वा सहकारी हुनुपर्नेछ।

ख) स्थानीय तह, उद्योग वाणिज्य संघ, व्यवसायिक संघ/संगठनहरुसँगको लागत साझेदारीमा संचालन हुने पशु हाटबजारको निर्माणलाई प्राथमिकता दिइनेछ।

**१.२ पेश गर्नुपर्ने कागजातहरु :**

क) आवेदकले कम्तिमा १० प्रतिशत लागत साझेदारी हुने गरी बुँदा नं ३ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव पेश गर्नुपर्नेछ।

ख) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ ।

ग) पशु हाटबजार संचालनका लागि आवेदकको आफ्नै स्वामित्वमा भएको जग्गा पहाडमा कम्तिमा ५ रोपनी र तराईमा कम्तिमा १० कठ्ठा भएको वा जग्गा करार/लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० वर्षको लागि प्रचलित कानून बमोजिम भएको करार सम्झौताको प्रतिलिपि पेश गर्नुपर्नेछ।

घ) वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनको प्रावधान अनुसार प्रारम्भिक वातावरणीय परीक्षण गर्न आवश्यक हुने हाटबजारको लागि नयाँ स्थापना हुने हकमा स्वीकृत कार्यसूची (ToR) पेश गर्नुपर्नेछ भने सुधार हुने पशु हाटबाजारको हकमा स्वीकृत प्रतिवेदन पेश गर्नुपर्नेछ।

**२ . प्रस्ताव छनौटको लागि मूल्याङ्कनका आधारहरु :**

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| **१** | **व्यवसायिक योजनाको प्रस्ताव (लागत र समय, रोजगारी सृजना तथा उत्पादन तथा उत्पादकत्व वृद्धि, बजारीकरण)** | **२०** |
| **१.१** | **लागत** | **५** |
| १.१.१ | कुल लागतमा आवेदकको ५० % भन्दा बढी लागत साझेदारी भएको | ५ |
| १.१.२ | कुल लागतमा आवेदकको २५ % भन्दा माथि ५० % सम्म लागत साझेदारी भएको | ४ |
| १.१.३ | कुल लागतमा आवेदकले १० देखि २५ % सम्म लागत साझेदारी भएको | ३ |
| **१.२** | **रोजगारी सृजना** | **५** |
| १.२.१ | ५ जना वा सो भन्दा बढी | ५ |
| १.२.२ | ५ जना भन्दा कम | ३ |

| | | |
|---|---|---|
| | | |
| **१.३** | **बजारीकरण** | **१०** |
| १.३.१ | हाटबजार लाग्ने दिनमा ३० वा सो भन्दा बढी कृषकको उत्पादन विक्री वितरण गर्ने | १० |
| १.३.२ | हाटबजार लाग्ने दिनमा ३० भन्दा कम कृषकको उत्पादन विक्री वितरण गर्ने | ६ |
| **२** | **पूर्वाधार र प्राविधिक उपयुक्तता** | **१०** |
| २.१ | **पूर्वाधार** | ५ |
| २.१.१ | बाटो, पानी र बिजुलीको सुविधा भएको | ५ |
| २.१.२ | बाटो, पानी र बिजुली मध्य कुनै १ वा १ भन्दा वढी सुविधा नभएको | ३ |
| **२.२** | **प्राविधिक उपयुक्तता** | **५** |
| २.२.१ | पर्याप्त र उपयुक्त जमिन भएको, वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरणको उपायहरु अबलम्बन गरेको/गर्ने | ५ |
| २.२.२ | पर्याप्त र उपयुक्त जमिन नभएको, वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरणको उपायहरु अबलम्बन नगर्ने | ३ |
| **३** | **आवेदकको अनुभव तथा क्षमता** | **५** |
| **३.१** | **नयाँ स्थापना हुनेको लागि** | **५** |
| ३.१.१ | संस्थागत रुपमा पशुपन्छी बजारीकरण गरिरहेको आवेदक | ५ |
| ३.१.२ | संस्थागत रुपमा पशुपन्छी बजारीकरण नगरेको आवेदक | ३ |
| **३.२** | **सुधार हुनेको लागि** | **५** |
| ३.२.१ | २ वर्ष वा सो भन्दा बढी | ५ |
| ३.२.२ | २ वर्ष भन्दा कम | ३ |
| ४ | **लाभान्वित घरधुरी** | **५** |
| ४.१ | १० वा १० भन्दा वढी | ५ |
| ४.२ | १० भन्दा कम | ३ |
| **५** | **अपेक्षित नतिजा र दिगोपना** | **१०** |
| ६ | **अघिल्ला दुई आ.व मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको** | **१०** |
| ६.१ | नलिएको | १० |
| ६.२ | प्रस्तावमा उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको | ५ |
| **जम्मा** | | ६० |

*नोटः कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा बजारीकरण, पूर्वाधार, प्राविधिक उपयुक्तता लगायतको प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*

**३. प्रस्तावको ढाँचा**

क) आवेदकको नाम र ठेगाना :

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :

ग) कार्यक्रम संचालन हुने स्थान :

घ) संचालन गर्ने व्यवसाय :

ङ) लाभान्वित घरधुरी संख्या :

च) हाटबजार लाग्ने दिनमा पशुपन्छी तथा माछा वा तिनीहरुबाट उत्पादित पदार्थहरुको नियमित विक्री गर्ने कृषकहरुको संख्या :

छ) संचालन गरिने क्रियाकलापको विवरण :

| क.स. | क्रियाकलापको विवरण | परिमाण (संख्या, गोटा आदि) | अनुमानित लागत रु | | कुल रकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरीएको | | |
| अ) | पुँजीगत कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

ज) प्रस्तावित कार्यक्रम संचालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, वार्षिक उत्पादन, रोजगारी सृजना, आदि):

| क्र.सं. | विवरण | एकाई | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम संचालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | वार्षिक उत्पादन | | | | |
| | | | | | |
| | | | | | |
| इ) | रोजगारी सृजना | | | | |
| ई) | अन्य उपलब्धिहरु | | | | |
| जम्मा | | | | | |

(वार्षिक उत्पादन भन्नाले वार्षिक कारोवार हुने पशुपन्छी संख्या र पशुपन्छीजन्य पर्दाथको परिमाणलाई जनाउँदछ)

झ) उत्पादित वस्तुहरुको बजारीकरण गर्न कहाँ, कहाँबाट ल्याईन्छ :

ञ) नयाँ सोच र दिगोरुपमा संचालन गर्ने भावी योजना (आगामी वर्षहरुको संचालन खर्चका स्रोत आदि) :

ट) वातावरणमा पर्न सक्ने/पर्ने नकारात्मक असरहरुको न्यूनीकरण गर्न के उपाय अबलम्बन गरिन्छ वा गरेको छ :

<u>प्रस्तावकको</u>

नामः छापः

ठेगानाः

सम्पर्क व्यक्तिः दस्तखतः

मितिः

**४. संचालन गर्न सकिने क्रियाकलापहरुः**

क) स्वीकृत बजेटको परिधि भित्र रही बुँदा न ५ को खण्ड (क) देखि (ड) सम्मका कार्यहरुको निर्माण वा सुधार गर्न अनुदान उपलब्ध गराउन सकिनेछ ।

**५. आवश्यक न्यूनतम पूर्वाधार र शर्तहरुः** निर्माण/सुधार हुने पशु हाटबजारहरुमा निम्न पूर्वाधारको व्यवस्था गर्न सकिनेछ।

क) पशु हाटबजारलाई पर्खाललले घेरेर भित्र पस्न र निस्कनको लागि निश्चित स्थानमा ढोकाको व्यवस्था रहेको।

ख) पशुपन्छीहरुलाई गाडीबाट ओराल्न र गाडीमा चढाउनको लागि प्लेटफर्मको व्यवस्था भएको।

ग) बारबन्देजको (काँडे तारको प्रयोग नभएको) व्यवस्था भएको।

घ) पशुपन्छीहरुलाई राख्न उपयुक्त गोठ, खोर वा टहराको व्यवस्था भएको

ङ) विभिन्न जातका पशुहरु र बिरामी पशु राख्नका लागि अलग अलग स्थानको व्यवस्था भएको।

च) ढल निकासको साथै मलमुत्रको उचित व्यवस्थापन (बायोग्याँस प्लान्ट स्थापना) गरेको।

छ) उपचार कक्षको व्यवस्था भएको।

ज) पशु तौलने उपकरणको व्यवस्था गरेको।

झ) बिजुली बत्तीको व्यवस्था भएको।

ञ) व्यापारी, खरिदकर्ता र पशुहरुलाई खानेपानीको व्यवस्था भएको।

ट) कृषक, व्यवसायी, खरिदकर्ता तथा बिक्रेताहरुको लागि आवश्यकता अनुसार विश्राम गृह, शौचालय र खाजा घरको व्यवस्था गरेको।

ठ) फोहोरमैला संलकन गर्ने भाँडा, उपकरण, औजारको व्यवस्था गरेको।

ड) तराई क्षेत्रका पशु हाटबजार तथा संकलन केन्द्रमा पशुहरुका लागि गर्मीबाट बचाउने व्यवस्था भएको।

ढ) पशुपन्छी तथ्याङ्क संकलन र नियमित अद्यावधिक गर्ने व्यवस्था गरेको।

ण) आकस्मिक उपचार तथा खोप सेवा सहितको भेटेरिनरी डिस्पेन्सरीको व्यवस्था रहेको।

त) आकस्मिक रुपमा पशुपन्छीहरु बिरामी भएमा रोगी तथा बिरामी पशुपन्छीहरुलाई अलग राख्ने व्यवस्था गरेको।

थ) पशुपन्छीको बेचबिखन नहुँदासम्म गुणस्तरयुक्त घाँस दानाको व्यवस्था भएको।

द) जैविक सुरक्षाका उपायहरु जस्तै मूल ढोकामा अनिवार्य रुपमा निसंक्रमण गर्ने औषधियुक्त फुटबाथ, आदि को व्यवस्था भएको।

ध) सूचना पाटी, होर्डिङ बोर्ड र मूल्य सूचीको व्यवस्था भएको।